सम्पर्क नः ०९९-५४००१०
ईमेलः info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/८१
च. नं. १४१९

मितिः २०८०/१०/१४ गते
ने.स. ११४४ पोहेलागा, ३ आईतवार

**विषयः नदिजन्य पदार्थ ढुवानी सम्बन्धि परिपत्र।**

श्री वडा कार्यालयहरु सबै,
शुक्लाफाँटा नगरपालिका।

उपरोक्त विषय सम्बन्धमा सडक डिभिजन महेन्द्रनगर, कंचनपुरको च. नं. ३५६ मिति २०८०/१०/०४ गतेको पत्र तथा शुक्लाफाँटा नगरपालिकाको मिति २०८०/१०/१४ गतेको सूचना यसै पत्रसाथ संलग्न राखि पठाईएको छ। सूचनाको आवश्यक प्रचारप्रसार गर्नहुन तथा पत्रबाट व्यहोरा अवगत गरि पिच सडकमा पानि चुहाउदै नदिजन्य पदार्थ ओसार पसार गर्ने कार्य बन्द गर्न आवश्यक नियमन तथा अनुगमन गर्नहुन अनुरोध छ।

२०८०/१०/१४

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**
श्री सडक डिभिजन महेन्द्रनगर, कंचनपुर।
श्री जिल्ला प्रशासन कार्यालय, कंचनपुर।

सम्पर्क नः ०९९-५४००१०
ईमेलः info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल
शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/८१
च. नं.

मितिः २०८०/१०/१४ गते
ने.स. ११४४ पोहेलागा, ३ आईतवार

**नदिजन्य पदार्थ ओसारपसार गर्दा ध्यान दिने बारे सूचना।**

उपरोक्त विषय सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) ले जारि गरेको "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यबस्थापन सम्बन्धि मापदण्ड, २०७७" को दफा (८) को उपदफा (२) मा सवारी साधनले संकलन वा उत्खनन् स्थल देखि अन्तिम गन्तव्य सम्म नदिजन्य र खानिजन्य पदार्थको ढुवानी गर्दा पानी चुहिने नदिने भन्ने व्यबस्था छ। यस नगरपालिका अन्तरगत रहेका पूर्वपश्चिम राजमार्ग लगायतका कालोपत्रे सडकहरुमा विभिन्न ढुवानी साधनहरुले पानी चुहाउदै नदिजन्य पदार्थ ओसारपसार गरिरहेको र यस्तो कार्यले पिच सडकमा क्षति पुग्ने, सडक सतह चिप्लो भई दुर्घटनाको जोखिम बढ्ने भएकाले पिच सडकमा पानि चुहाउदै नदिजन्य पदार्थ ओसार पसार गर्ने कार्य बन्द गर्न आवश्यक सहयोग गरिदिनहुन सम्पुर्ण निर्माण व्यवसायी, ढुवानी कर्ता तथा सरोकारवालाहरुमा अनुरोध गरिन्छ।

२०८०/१०/१४

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन महेन्द्रनगर
कन्चनपुर

फोन नं.: ०९९-५२१३२६
इमेलः dromnr1@gmail.com

पत्र संख्याः- २०८०/८१
च.नं:- ३५६

मितिः २०८०/१०/०४

श्री जिल्ला प्रशासन कार्यालय
कंचनपुर।

## बिषयः- आवश्यक पहल गरिदिने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा कंचनपुर जिल्ला अन्तर्गत बिभिन्न स्थानीय निकायहरु मार्फत नदि/खोलाहरुबाट निर्माण सामग्रीको रुपमा प्रयोग हुने नदिजन्य पदार्थको संकलन/बिक्रीको लागि अनुमति भएको देखिन्छ। नेपाल सरकार (मन्त्रिपरिषद) ले जारि गरेको **"ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७"** को दफा (८) को उपदफा (२) मा सवारी साधनले संकलन वा उत्खनन स्थल देखि अन्तिम गन्तब्य सम्म नदिजन्य र खानीजन्य पदार्थको ढुवानी गर्दा पानि चुहिन नदिने भन्ने व्यबस्था रहेको छ। महेन्द्र राजमार्गको गड्डाचौकी देखि अत्तरिया खण्ड बीच विभिन्न स्थानहरुमा गाडीहरुले पिच सडकमा पानि चुहाउदै नदिजन्य पदार्थ ओसारपसार गरिरहेको हुँदा यस्तो कार्यबाट पिच सडकमा क्षति हुने, सडक सतह चिप्लो भइ दुर्घटनाको जोखिम बढ्ने भएकाले यसरि गाडीहरुले पिच सडकमा पानि चुहाउदै नदिजन्य पदार्थ ओसारपसार कार्य बन्द गर्न आवश्यक पहल गरि सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

शुक्लाफाँटा नगरपालिका
दर्ता नं. ३९९२
मिति: २०८०/१०/८

**बोधार्थ**
श्री जिल्ला समन्वय समिति, कंचनपुर
श्री भीमदत्त नगरपालिका, श्री बेदकोट नगरपालिका, श्री शुक्लाफाटा नगरपालिका, श्री कृष्णपुर नगरपालिका कंचनपुर

श्री प्रशासन शाखा
१०/८

.....................१०/०४
(तारानाथ सिग्देल)
इन्जिनियर